# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ११ गते २०३१ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

२०३२ साल वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरु पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ:—

१. विभिन्न कार्यालय, अड्डाखाना तथा विद्यालयहरूलाई हरेक शनिबार दिन बाउन्न ——— ५२

- वैशाख ६, १३, २०, २७ गते दिन चार —— ४
- ज्येष्ठ ३, १०, १७, २४, ३१ गते दिन पाँच —— ५
- आषाढ ७, १४, २१, २८ गते दिन चार —— ४
- श्रावण ३, १०, १७, २४, ३१ गते दिन पाँच —— ५
- भाद्र ७, १४, २१, २८ गते दिन चार —— ४
- आश्विन ४, ११, १८, २५ गते दिन चार —— ४
- कार्तिक १, ८, १५, २२, २९ गते दिन पाँच —— ५
- मार्ग ६, १३, २०, २७ गते दिन चार —— ४
- पौष ५, १२, १९, २६ गते दिन चार —— ४
- माघ ३, १०, १७, २४ गते दिन चार —— ४
- फाल्गुन २, ९, १६, २३, ३० गते दिन पाँच —— ५
- चैत्र ७, १४, २१, २८ गते दिन चार —— ४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. संस्कृत शिक्षण संस्थानका शिक्षक तथा छात्र–छात्राहरूको निमित्त प्रतिपदा र अष्टमी समेत दिन उनान्चास ---- ---- ---- ---- ---- ---- ---- ---- ४६

**प्रतिपदा:–**

बैशाख १३, २९ गते। ज्येष्ठ १२, २७ गते। आषाढ १०, २६ गते। श्रावण ८, २३ गते। भाद्र ६, २१ गते। आश्विन ५, २० गते। कार्तिक ४, १८ गते। मार्ग ३, १७ गते। पौष ४, १८ गते। माघ ४, १८ गते। फाल्गुन ४, १८ गते। चैत्र ४,१८ गते।

**अष्टमी:–**

बैशाख ६, २० गते। ज्येष्ठ ४, १९ गते। आषाढ ३, १८, ३२ गते। श्रावण १५,२९ गते। भाद्र १४, २८ गते। आश्विन १२, २६ गते। कार्तिक ११, २५ गते। मार्ग १०, २५ गते। पौष ११, २५ गते। माघ १०, २५ गते। फाल्गुन १०, २६ गते। चैत्र १०,२६ गते।

३. **अरू पर्व विदाहरू:–**

(क) नव वर्ष:–बैशाख १ गते सोमबार दिन एक ---- ---- ---- ---- ---- १

(ख) गुरू पूर्णिमा श्रावण ७ गते बुधबार संस्कृत तर्फका शिक्षक तथा छात्र–छात्राहरूलाई दिन एक ---- ---- ---- ---- ---- ---- ---- ---- ---- ---- १

(ग) ऋषि तर्पणी (रक्षा बन्धन):– भाद्र ५ गते वृहस्पतिबार दिन एक---- ---- ----१

जात्रा विदाहरू उपत्यकालाई मात्र.

(घ) गाई जात्रा:– भाद्र ६ गते शुक्रबार दिन एक ---- ---- ---- ----१
इन्द्र जात्रा:– आश्विन ३ गते शुक्रबार दिन एक---- ---- ---- ---- ---- १
घोडे जात्रा:– चैत्र १७ गते मंगलबार दिन एक ---- ---- ---- ---- १
मछेन्द्रनाथको भोटो देखाउने दिन एक ---- ---- ---- ---- ---- ---- १

महिला कर्मचारी, शिक्षीका तथा छात्राहरूको लागि मात्र हुने

(ङ) हरितालिका (तीज):– भाद्र २३ गते सोमबार दिन एक ---- ---- ---- १

(च) ऋषि पञ्चमी:– भाद्र २५ गते बुधबार दिन एक ---- ---- ---- ---- १

४. **दशैं विदा:–**

(क) घटस्थापना:– स्कूल, पाठशाला, कलेज, महाविद्यालयहरू समेतलाई घटस्थापना आश्विन २० गते सोमबारदेखि कार्तिक २ गते आदित्यबार कोजाग्रत पूर्णिमासम्म दिन चौध ---- ---- ---- ---- ---- ---- ---- ---- ---- १४

(ख) श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा, अदालत न्यायीक समिति तथा कार्यालयहरू समेतलाई आश्विन २० गते सोमबार घटस्थापना दिन एक ---- ---- १

८६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसपछि आश्विन २५ गते शनिबार फूलपातीदेखि ऐ. कार्तिक २ गते आदित्यबार कोजाग्रत पूर्णिमासम्म दिन नौ ---- ---- ---- ---- ---- ---- -- ९

(ग) लक्ष्मीपूजा कार्तिक १७ गते सोमबार दिन एक ---- ---- ---- ---- ---- १

गोवर्धनपूजा कार्तिक १८ गते मंगलबार दिन एक ---- ---- ---- ---- १

भ्रातृपूजा कार्तिक १९ गते बुधबार दिन एक ---- ---- ---- ---- ---- १

(घ) वसन्त पञ्चमी माघ २२ गते बुधबार दिन एक ---- ---- ---- ---- --- १

(ङ) महाशिवरात्री फाल्गुन १६ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने।

(च) फागु पूर्णिमा (होली) चैत्र २ गते सोमबार दिन एक ---- ---- ---- -- १

(छ) चैत्र शुक्ल अष्टमी चैत्र दशैं वैशाख ६ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने।

राम नवमी वैशाख ७ गते आदित्यबार दिन एक -- ---- ---- ---- -- १

चैत्र अष्टमी र रामनवमी चैत्र २६ गते बृहस्पतिबार दिन एक -- -- -- -- १

५. (क) संयुक्त राष्ट्र संघ दिवस २४ अक्टोबर १९७५ तदनुसार कार्तिक ७ गते शुक्रबार दिन आधा ---- ---- ---- -- -- ---- ---- ---- ---- १/२

(ख) नेपाल शहीद दिवस माघ १६ गते शुक्रबार दिन आधा -- -- ---- ---- १/२

(ग) नारी दिवस ८ मार्च १९७६ फाल्गुन २५ गते सोमबार महिला कर्मचारी, शिक्षीका, छात्राहरूलाई दिन आधा ---- -- ---- ---- ---- ---- ---- - १/२

भाद्र ४ गते बुधबार का दिन बाल-दिवस मनाउन नेपाल अधिराज्य भरका प्राथमिक तहका र माध्यमिक विद्यालयहरूलाई दिन एक ---- ---- ---- ---- १

(घ) श्री ५ महाराजाधिराज सरकारको औपचारिक स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्संदा र राजधानी फिर्ता सवारी होइबक्संदा उपत्यकाभित्रका कार्यालयहरूलाई उक्त दिन बिदा।

## शुभ जन्मोत्सव तथा जन्म जयन्तीहरू

६. (क) श्री ५ महाराजाधिराज सरकारको शुभ जन्मोत्सव अधिराज्य भर पौष १४ गते सोमबार र अधिराज्य बाहिर १९७५ डिसेम्बर २८ तारिख (पौष १३ गते आदित्यबार) दिन एक ---- ---- ---- ---- -- ---- -- ---- ---- ---- १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ जन्मोत्सव अधिराज्यभित्र कार्तिक २२ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने र अधिराज्य बाहिर १९७५ नभेम्बर ७ तारिख-का दिन महिला कर्मचारी, शिक्षीका तथा छात्राहरूलाई मात्र दिन एक -- -- १

(ग) गौतम बुद्ध जयन्ती ज्येष्ठ ११ गते आदित्यबार दिन एक---- ---- ---- -- -- १

(घ) महेन्द्र जयन्ती तथा संविधान दिवस पौष १ गते मंगलबार दिन एक -- ---- १

(ङ) श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्रदिवस फाल्गुन ७ गते बृहस्पतिबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिन एक ---- --- --- -- --- --- ---- --- -- -- - १

(च) कृष्ण जयन्ती भाद्र १३ गते शुक्रबार दिन एक ---- ---- ------ ---- -- १

(छ) पृथ्वी जयन्ती पौष २७ गते आदित्यबार दिन एक ---- ---- ---- ---- -- १

७. अंग्रेजी शिक्षण संस्थान भाषा प्रारम्भिक तथा प्राथमिक स्कूलहरूलाई हरेक शुक्रबार र संस्कृत शिक्षण संस्थाहरूको निमित्त हरेक पूर्णिमा र अमावस्याको दिनको १ बजे विदा छाड्ने।

८. हाजिर हुने र छुट्ने समयः–

(क) सबै किसिमका शिक्षण संस्थामा साबिक बमोजिम जो चलेको छ सोही बमोजिम हाजिर हुने र छुट्ने समय कायम गर्ने।

(ख) मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १०बजे हाजिर भई बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भई बेलुका ५ बजे छुट्ने।

९. निम्नलिखित उत्सव समारोहमा उपस्थितको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्ने।

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सवमा उपस्थित हुने।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने।

(ग) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने।

(घ) श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसमा उपस्थित हुने।

(ङ) श्री ५ पृथ्वी जयन्तीमा उपस्थित हुने।

(च) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन।

(छ) बडा दशैं फूलपातीको दिन उपस्थित हुने।

(ज) घोडेजात्राको तमासामा उपस्थित हुने।

(झ) महाशिवरात्रिको बढाईंमा उपस्थित हुने।

१०. माथि लेखिएबमोजिम विदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै–अस्पताल, रोप्वे, तार टेलिफोन, प्रहरी थाना, चौकी, फाएर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुर्‍याई मात्र बस्न पाइनेछ।

टिप्पणीः–

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १॥ बजे भन्ने सम्झनु पर्छ।

आज्ञाले–
वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का. मु. सचिव

९६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना

यस मन्त्रालयका बडालेखापाल श्री शशीनारायण दास काजमा जानुभएकोले निज फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को ण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यस मन्त्रालयका लेखापाल श्री प्रेमलाल श्रेष्ठलाई मिति २०३१।१०।६ देखि कायम मुकायम मुकरर गरेको छ।

वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का.मु.सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।